# REGIONAL NEWS UNIT

# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40hrs**

**Date: 22.05.2026**

---

***भारतकी राष्ट्रपति 26 मईमा सिक्किमको दुई दिने औपचारिक भ्रमणका लागि आउने कार्यक्रम छ***

भारतकी राष्ट्रपति द्रौपदी मुर्म 26 मईमा दुई दिने औपचारिक भ्रमणका लागि सिक्किम आउने कार्यक्रम छ। श्रीमती मुर्मुले गान्तोकस्थित एन्चे गुम्फामा प्रार्थना गर्ने कार्यक्रम छ। त्यसपछि उहाँले रिज पार्कस्थित ऑर्केडेरियम र Namgyal institute of Tibetology को भ्रमण गर्ने कार्यक्रम छ।

27 मईमा_राष्ट्रपतिले नथुलाको भ्रमण गर्नुहुनेछ र त्यसपछि मनन केन्द्र गान्तोकमा सिक्किम विश्वविद्यालयको दीक्षान्त समारोहमा भाग लिने पनि कार्यक्रम रहेको छ।

---

***राज्यपाल:***

पूर्वाधार परियोजनाहरूको समीक्षा गर्न समीक्षा बैठक गेजिंग जिल्लाको आफ्नो तीन दिने भ्रमणको तेस्रो तथा अन्तिम दिन, सिक्किमका राज्यपाल ओमप्रकाश माथुरले जिल्लामा पूर्वाधार परियोजनाहरूको समीक्षा गर्न एक महत्त्वपूर्ण बैठक बोलाउनुभयो। लोकसभा सांसद डा. इन्द्र हाङ सुब्बा, गेजिंगका जिल्लापाल, पुलिस अधीक्षक र वरिष्ठ अधिकारीहरू बैठकमा उपस्थित थिए। श्री माथुरले 2024 देखि विचाराधीन रहेको विकास परियोजनाहरू, विशेष गरी लेगशिप- गेजिंग सडकको निर्माणमा भएको ढिलाइप्रति चिन्ता व्यक्त गरे र NHIDCL का अधिकारीहरूबाट स्पष्टीकरण माग्नुभयो। उनले विकास कार्यको लागि कोषको अभाव नभएको तर राम्रो समन्वय र लगनशीलताको आवश्यकता रहेको भन्नुभयो। राज्यपालले BSNL का अधिकारीहरूलाई सीमा चौकी (BOP) क्षेत्रहरूमा मोबाइल टावरहरू स्थापना गर्न एक विशिष्ट समयसीमा तोक्न निर्देशन दिनुभयो र यी BOP हरूलाई सकेसम्म चाँडो सञ्चालन गर्नु उच्च प्राथमिकता हुनुपर्ने भन्नुभयो।

---

***सिक्किम पर्वतारोहण संघले सगरमाथा दिवस 2026 मनायो***

सिक्किम पर्वतारोहण संघ (SMA) ले आज गान्तोकमा सगरमाथा दिवस 2026 मनायो। सिक्किम सरकारका शिक्षा तथा खेलकुद विभागका मन्त्री राजु बस्नेतले कार्यक्रममा प्रमुख अतिथिको रूपमा उपस्थिति जनाउनुभयो। संघले SMA का पूर्व अध्यक्ष, एसटी भुटियालाई स्वर्ण पदक प्रदान गर्यो । त्यसरीनै कार्यक्रममा 17 पर्वतारोहीहरूलाई सम्मान गरिएको थियो। समारोहको एक भागको रूपमा, 'Kunzang Gyatso Bhutia Story of Sikkim's Visionary Mountaineer' अर्थात् 'कुन्जाङ ग्याछो भुटिया सिक्किमको दूरदर्शी पर्वतारोहणको कथा' शीर्षक भएको विशेष जीवनी औपचारिक रूपमा विमोचन गरिएको थियो, जसले अग्रणी पर्वतारोहीको जीवन र विरासत साथै हिमालय अन्वेषणमा उनको योगदानलाई प्रकाश

---

***नामग्याल इन्स्टिच्युट अफ टेक्नोलोजीले आज C स्थापना दिवस मनायो***

नामग्याल इन्स्टिच्युट अफ तिब्बेटोलोजी (एनआईटी) ले आज गान्तोकको देवरालीमा देवरालीमा रहेको आफ्ना संस्थापक अध्यक्ष योग्याल पाल्देन थोन्डुप नामग्यालको 103 औं जन्मजयन्ती मनाउन आफ्नो स्थापना दिवस मनायो।

धर्म विभागका मन्त्री सोनाम लामाको उपस्थितिमा राजकुमार ग्यालसे पाल्देन ग्युरमे नामग्यालले प्रमुख अतिथिको रुपमा कार्यक्रममा भाग लिएका थिए।

---

***सिक्किम: चेवाभञ्ज्याङमा दोस्रो अन्तर्राष्ट्रिय व्यापार प्रवेशद्वार***

नथुला दर्रा पछि सिक्किमले दोस्रो अन्तर्राष्ट्रिय व्यापार प्रवेशद्वार पाउने तयारीमा छ, जसमा भारत-नेपाल सीमामा पश्चिम सिक्किमको चेवाभञ्ज्याङमा बहु-मोडल करिडोर र एकीकृत चेक पोस्ट (आईसीपी) विकास गर्ने योजना छ। मुख्यमन्त्री प्रेम सिंह तामाङले 2024 मा चेवाभञ्ज्याङको भ्रमण गरेपछि र नेपालसँग व्यापार र कनेक्टिभिटी करिडोर विकास गर्ने योजना घोषणा गरेपछि यो परियोजनाले गति लिएको थियो।

हालै, वन विभाग अन्तर्गतको राज्य वन्यजन्तु बोर्ड को स्थायी समितिले परियोजनाको बारेमा वनमन्त्री पिन्टसो नामग्याल लेप्चाको अध्यक्षतामा बैठक गरेको थियो। प्रमुख वन संरक्षक उदय गुरुङका अनुसार, समितिले प्रस्तावित बहु-मोडल करिडोर र आईसीपीको लागि सैद्धान्तिक स्वीकृति दिएको छ।

---

## ***सिक्किममा नक्कली कागजात र नक्कली समाचार सिर्जनाको आरोपमा अज्ञात व्यक्तिहरू विरुद्ध एफआईआर दर्ता***

सिक्किममा जनतालाई भ्रमित गर्ने र शान्ति तथा साम्प्रदायिक सद्भाव खलबलाउने उद्देश्यले नक्कली कागजात र नक्कली समाचार सिर्जना गरि फैलाउने अज्ञात व्यक्तिहरू विरुद्ध FIR दर्ता गरिएको छ।

सिक्किम सरकारले सामाजिक सञ्जाल प्लेटफर्महरूमा गलत सूचना र दुर्भावनापूर्ण प्रचार विरुद्ध कडा कानुनी र साइबर उपायहरू अपनाउँदै सिक्किमको क्षेत्रीय अखण्डता, एकता र सद्भावको रक्षा गर्ने आफ्नो प्रतिबद्धतालाई पुनः दोहोर्याएको छ।

---

## ***मौसम विभागको अपडेट***

मौसम विभाग, गान्तोकले 22 देखि 24 मई सम्म मङ्गन र गान्तोक जिल्लाहरूमा भारी देखि अति भारी वर्षाको Orange Alert जारी गरेको छ भने पाकिम, गेजिङ, नाम्ची र सोरेङ जिल्लाका विभिन्न स्थानहरूका लागि Yellow Alert जारी गरिएको छ।

गान्तोक, पाकिम र मङ्गन जिल्लाका उच्च भेगहरूमा हिमपात हुने सम्भावना छ। पहिरो प्रभावित क्षेत्रका बासिन्दाहरूलाई सतर्क रहन अनि भारी वर्षा र चट्याङको समयमा अनावश्यक यात्रा नगर्न आग्रह गरिएको छ।

---